२०७६।३।२

नागरिक राष्ट्रिय दैनिक

# हरिवन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

हरिवन, सर्लाही

प्रदेश नं २, नेपाल

हरिवन नगरपालिका नगर कार्यपालिकाको कार्यालय हरिवन, सर्लाही प्रदेश नं. २, नेपाल

## आ.व. २०७६।०७७ का लागि आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी सिलबन्दी वोलपत्रको सूचना

## प्रथम पटक प्रकाशित मितिः २०७६।०३।०३

हरिवन नगरपालिकाले आगामी आ.व. २०७६।०७७ (मिति २०७६ साल श्रावण १ गतेदेखि २०७७ साल आषाढ मसान्तसम्म) मा आन्तरिक आय संकलनको लागि तपसिलबमोजिम ठेक्का बन्दोबस्त गर्नु परेकोले ईच्छुक व्यक्ति तथा फर्मबाट देहायबमोजिमका शर्तको अधीनमा रही सिलबन्दी बोलपत्र आव्हान गरिएको छ।

**शर्तहरुः**

१. ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट आफ्नो फर्म नवीकरण, मूल्य अभिबृद्धि कर तथा आ व २०७४।०७५ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपिसहित बोलपत्र फाराम तपसिलमा उल्लेखित दस्तुर (फिर्ता नहुने गरी) तिरी मिति २०७६।४।१ गते कार्यालय समयसम्म यस कार्यालयबाट खरिद गर्न सकिनेछ।

२. सिलबन्दी खामबाहिर विवरण प्रष्ट खुलाई मिति २०७६।४।२ गते मध्यान्ह १२:०० बजेसम्म बोलपत्र यस कार्यालयमा छुट्टाछुट्टै दर्ता गरी सक्नु पर्नेछ। दर्ता भएका बोलपत्रहरु कार्यालय प्रतिनिधि तथा बोलपत्रदाता वा निजहरुको प्रतिनिधिहरुको मिति २०७६।४।२ मा दिउसो २:०० बजे हरिवन नगरपालिका कार्यालयमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन।

३. बोलपत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन विदा परेमा उक्त कार्यहरु क्रमशः लगत्तै कार्यालय खुलेको दिन हुनेछ।

४. केरमेट गरी सही नगरेको, सही छाप नभएको, म्याद नाघी पर्न आएको बोलपत्र उपर कार्यवाही हुने छैन।

५. बोलपत्रदाता नेपाली नागरिक भए आफूले कबुल गरेको अंकको ५ प्रतिशत र गैर नेपाली नागरिक भए आफूले कबुल गरेको अंकको १०प्रतिशत धरौटी रकम यस नगरपालिकाको नेपाल बैंक लि. हरिवन शाखा, हरिवन सर्लाहीमा रहेको धरौटी खाता नं. १३२०३००००००००३००००००१ मा जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तिमा पचहत्तर दिन म्याद भएको बोलपत्र जमानतको सक्कल प्रति बोलपत्र फाराम साथ संलग्न राखी पेश गर्नुपर्ने छ।

६. स्वीकृत बोलपत्र दाताले आफुले कवोल गरेको कुल रकम ३ (तीन) किस्तामा बुझाउनु पर्नेछ। यसरी बुझाउने किस्ताहरु ठेक्का सम्झौता गर्दा पहिलो किस्तामा ४०% नगद बुझाउनु पर्नेछ। दोश्रो किस्ता पौष मसान्त भित्र ३०% र तेश्रो किस्ता चैत्र मसान्त भित्र ३०% जम्मा गरी ६०% किस्ता रकम वरावरको १३ महिना म्याद भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंक, नेपाल बैंक, कृषि विकास बैंक (वित्तिय संस्था, फाईनान्स, कम्पनी, सहकारी वित्तिय संस्थाहरु वाहेक) को कार्यसम्पादन जमानत ठेक्का सम्झौता गर्दा नै पेश गर्नु पर्नेछ। उक्त बैंक जमानत पेश नगरेमा वा एक मुष्ट नगद नबुझाएमा निजको धरौटी जफत गरी प्रचलित कानून वमोजिम कार्वाही गरिनेछ। ठेकेदारले सम्झौताको समयमा ठेक्का अनुसारको सम्पूर्ण ठेक रकम एकमुष्ट बुझाएमा दश प्रतिशतले हुने रकम छुट दिईनेछ।

७. ठेक्कावापत नेपाल सरकारलाई तिर्नु, बुझाउनु पर्ने सबै कर ठेक्कादार स्वयंले बुझाउनु पर्ने छ।

...राम ढकाल
...शासकीय अधिकृत
...सचिव

८. समयमा किस्ता रकम नबुझाएमा बैंक जमानतबाट नगरपालिकाले किस्ता रकम असुल उपर गर्नेछ ।

९. ठेकेदारले बोलपत्र फाराम साथ संलग्न दररेट अनुसार कर संकलन गर्नु पर्नेछ ।

१०. कुनै कारण देखाई वा नदेखाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नगरपालिका कार्यालयमा निहित रहनेछ ।

११. ठेक्काचलन ठेक्कासम्बन्धी कबुलियतनामा र पट्टाबमोजिम मात्र गर्न पाईने छ । कानूनले निषेध गरेको सामग्रीमा कर तथा सेवा शुल्क असुल गर्न पाईने छैन ।

१२. कर तथा शुल्कको दररेट सम्वन्धी विवरण वोलपत्र फारममा उल्लेख भएअनुसार हुनेछ । यस सूचनामा उल्लेख नभएका कुराको हकमा प्रचलित कानूनअनुसार हुनेछ ।

**तपसिल**

| सि नं | बजारको नाम | बजार लाग्ने क्षेत्र | न्यूनतम ठेक अंक | वोलपत्र फाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | खसीबाख्रा बजार | हरिवन नपा बजार | रु ३७,५९,८८६।– | ३,०००।– | |
| २ | मीना बजार | हरिवन नपा बजार | रु २,५८१,८००।– | ३,०००।– | |
| ३ | राँगा बजार | हरिवन नपा बजार | रु १,८११,५००।– | ३,०००।– | |
| ४ | हरिवनबाट बाहिर जाने फलफूल तरकारी तथा कबाडी सेवा शुल्क | हरिवन नपा बजार | रु १०,००,१५१।– | १,०००।– | |
| ५ | नयाँ बजार धरहरा | हरिवन १० | रु १,३६,०००।– | १,०००।– | |
| ६ | डावरी बजार | हरिवन ३ | रु २५,५००।– | १,०००।– | |
| ७ | नयाँ रोड तरकारी बजार | हरिवन १० | रु १,२०,०००।– | १,०००।– | |

**नोट:** क्र सं १,२ र ३ को बजारको केही अंश नवनिर्माण हुने व्यापारिक भवनको क्षेत्रमा पर्न सक्ने भएकोले उक्त व्यापारिक भवन निर्माण सम्पन्न नहुञ्जेलसम्म उल्लिखित बजार क्षेत्र नगरपालिकाले तोकेको स्थानमा स्थानान्तरण हुनुपर्नेछ ।

हरिवन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिवन, सर्लाही
प्रदेश नं. २, नेपाल

(टीकाराम ढकाल)
प्रमुख प्रशासकीय अधिकृत
उपसचिव